# संघीय संसद
# प्रतिनिधि सभा
छैटौं अधिवेशन

बैठक संख्या - ११

सूचनापत्र - २

(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७७ साल जेठ १४ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले विविध समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विमलप्रसाद श्रीवास्तव
२. मा० श्री विमला नेपाली
३. मा० श्री भरत कुमार शाह
४. मा० श्री भिमसेनदास प्रधान
५. मा० श्री मनकुमारी जि.सी.
६. मा० श्री महेश्वरजंग गहतराज (अथक)
७. मा० श्री मिना सुब्बा
८. मा० श्री मोहन बानियां
९. मा० श्री विमला वि.क.
१०. मा० श्री भवानीप्रसाद खापुङ्ग
११. मा० श्री भैरवबहादुर सिंह
१२. मा० श्री महेन्द्र कुमारी लिम्बु
१३. मा० श्री मिनबहादुर विश्वकर्मा
१४. मा० श्री मिनेन्द्रप्रसाद रिजाल
१५. मा० श्री यज्ञराज सुनुवार
१६. मा० श्री यशोदा गुरुङ्ग (सुवेदी)
१७. मा० श्री रंगमती शाही
१८. मा० श्री रविन्द्रराज शर्मा
१९. मा० श्री राजबहादुर बुढा क्षेत्री
२०. मा० श्री राजेन्द्र कुमार के.सी.
२१. मा० श्री राजेन्द्र प्रसाद गौतम
२२. मा० श्री रामबहादुर विष्ट
२३. मा० श्री रेखा कुमारी
२४. मा० श्री रेखा शर्मा
२५. मा० श्री रेनुका गुरुङ्ग
२६. मा० श्री लक्ष्मीकुमारी चौधरी
२७. मा० श्री लक्ष्मी परियार
२८. मा० श्री मातृकाप्रसाद यादव

त्यसपछि प्रतिनिधि सभाका सचिव श्री गोपालनाथ योगीले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल विशेष सेवा विधेयक, २०७६" का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देश टेबुल गर्नुभयो ।

तदुपरान्त मा० श्री समिना हुसेनले समय माग गर्नुभएपछि सम्माननीय सभामुखले समय दिनुहुँदा उहाँले रौतहट जिल्लामा कोरोना संक्रमित बढ्नुका साथै भारतबाट आउने क्रम समेत जारी रहेको तर सो जिल्लामा बनाईएका २६ क्वारेन्टाइन मध्ये एउटा मात्र विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम रहेको, सामाजिक दुरीको पालना नभएको र स्थानीय प्रशासनले वेवास्ता गरेको लगायतका विषयमा ध्यानाकर्षण गराउनु भयो ।

तत्पश्चात कानुन, न्याय तथा मानव अधिकार समितिका मा० सभापति श्री कृष्णभक्त पोखेलले "कानुन, न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७७" पेश गर्नुभयो ।

त्यसपछि शिक्षा तथा स्वास्थ्य समितिका मा० सभापति श्री जयपुरी घर्तीले "मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विधेयक सम्बन्धी समितिको प्रतिवेदन, २०७६" पेश गर्नुभयो ।

तदुपरान्त मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले "रेडियोधर्मी पदार्थको नियमन सम्बन्धी विधेयक, २०७६ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री प्रेम सुवाल र मा० श्री दिव्यमणि राजभण्डारीले भाग लिनुभयो ।

त्यसपछि मा० शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री गिरिराजमणि पोखरेलले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले “रेडियोधर्मी पदार्थ (उपयोग तथा नियमन) विधेयक, २०७६ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्” भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले सार्थक वार्ता तथा संवाद मार्फत् संसदलाई प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक अध्ययन गरी सुझाव दिन प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७७ बमोजिम मिति २०७६ साउन २० गते गठित अध्ययन तथा सुझाव संसदीय विशेष समितिको कार्यावधि समाप्त भएकोले उक्त समितिको कार्यावधि छैटौं अधिवेशन अवधिभरको लागि थप गर्न सभाको सहमतिको लागि प्रस्ताव गर्नुहुँदा सर्वसम्मतिबाट पारित भयो ।

त्यसपछि सम्माननीय सभामुखले मा० अर्थ मन्त्रीबाट नेपालको संविधानको धारा ११९ बमोजिम आर्थिक वर्ष २०७७/०७८ को राजस्व र व्ययको अनुमान (बजेट) मिति २०७७ जेठ १५ गते बिहीबार दिनको ४:०० बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा पेश गर्ने कार्यक्रम भएकोले सो बमोजिम प्रतिनिधि सभाका सम्पूर्ण मा० सदस्यहरु उक्त दिन दिनको ३:४५ बजे अगाडि नै प्रतिनिधि सभाको बैठक कक्षमा उपस्थित हुनुभई आ-आफ्नो आशन ग्रहण गरिसक्नुहुन अनुरोध गर्नुभयो ।

तदनन्तर बैठक २०७७ साल जेठ १५ गते बिहीबार साँझ ६:०० बजे बस्नेगरी दिनको ३:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव